# देवानगञ्ज गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## देवानगञ्ज, सुनसरी

### १ नं प्रदेश, नेपाल

प.सं. ०७४/०७५

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/०३/१८**

यस कार्यालयले कृषिजन्य उत्पादन गाउँपालिका निकासी संकलन गर्न आ.व. २०७५/०७६ का लागि ठेक्कापट्टाको माध्यमबाट संकलन गरिने भएको हुँदा देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रही सम्बन्धित ठेक्काहरुका लागि बोलपत्र फाराम यस गाउँपालिकाको कार्यालय, देवानगञ्ज, सुनसरीबाट खरिद गर्न र कार्यालयमा तोकिएको समयमा बुझाउन सकिनेछ ।

क. बोलपत्र बिक्री हुने अन्तिम मिति २०७५/०३/३२ गते (कार्यालय समयभित्र)बोलपत्र बुझाउने अन्तिम मिति २०७५/०४/०१ गते दिनको १२:०० बजेसम्म र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टसम्मको म्याद कायम रहनेछ ।

**ठेक्काको विवरण**

| रा.आ.ठे.नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक | बोलपत्र फारम दस्तुर पछि फिर्ता नहुने गरी |
|---|---|---|---|
| १ | देवानगञ्ज गाउँपालिका दैनिक व्यापार तथा कृषिजन्य निकासी कर | ४,६४,९००/०० | ५००/०० |

**शर्त तथा बन्देजहरु**

१. कर असुलीसम्बन्धी दररेटहरुको विवरण तथा ठेक्कापट्टासम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै पेश गर्नु पर्नेछ ।

३. बोलपत्रदाताले शिलबन्दी खामको बाहिर पट्टि रा.आ.ठे.नं. र ठेक्काको नाम प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । साथै बोलपत्रदाताको विवरण स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र फारामका साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म इजाजत पत्र, पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त (PAN) को प्रतिलिपि, मू.अ.कर दर्ताको प्रतिलिपि र आ.व. २०७३/०७४ को आयकर चुक्ता प्रमाणपत्र समेत बोलपत्र फाराम खरिद समयमै पेश गर्नु पर्नेछ । धरौटी बापत कबोल

गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत रकम यस कार्यालयको नाममा रा.वा. बैंक इनरुवा शाखामा रहेको धरौटी खाता २२२०३०३००७१०८ मा नगद धरौटी रकम जम्मा गरी सो को सक्लल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकद्वारा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र बुझाउने अन्तिम दिनबाट कम्तिमा ९० दिनसम्म मान्य म्याद रहने सोही रकम बमोजिमको बैंक ग्यारेन्टीको सक्कलै प्रमाण पेश गर्नु पर्नेछ ।

५. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

६. कबोल गरेको अंकलाई बराबर तीन किस्ता कायम गरिनेछ । पहिलो किस्ता सम्झौता गर्दा नै अनिवार्य रुपमा बुझाउनु पर्नेछ । त्यसपछिका किस्ताहरु क्रमशः अघिल्लो किस्ताको महिनाको मसान्तभित्र बुझाउनु पर्नेछ ।

७. स्वीकृत बोलपत्रदाताले ठेक्का कबोल अंक रकम सम्झौता गर्दा नै एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ ।

८. स्वीकृत बोलपत्रदाताले आफूले बुझाउनुपर्ने रकमका लागि पहिला किस्ता नगदै बुझाई दोस्रो, तेस्रो किस्ताको रकम बाँकी राखेमा सो रकम बराबरको २०७६ साल आषाढ मसान्तसम्म कायम रहने नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक जमानत (परफमेन्स बण्ड) सम्झौता गर्दाकै बखत पेश गर्नु पर्नेछ ।

९. बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरी सक्नु पर्नेछ । उक्त अवधिभित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाइनेछ ।

१०. ठेक्का कबोल गर्ने ठेकेदारले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई यस कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिनेछ । साथै रसिदको नमूना यस कार्यालयबाट उपलब्ध गराइनेछ ।

११. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन ।

१२. कुनै ठेक्का वा कर उठाउन नेपाल सरकारबाट रोक लगाइएमा सोही बमोजिम हुनेछ ।

१३. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाइनेछैन तथा राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

१४. धरौटी बापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइनेछैन ।

१५. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नुपर्ने आयकर, मू.अ.कर लगायतका कर दस्तुर आदि सम्पूर्ण बुझाउने रकम यस कार्यालयमा सम्बन्धित ठेकेदारले दाखिला गर्नु पर्नेछ ।

१६. यस कार्यालय वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

१७. सम्बन्धित कर संकलनका लागि यस कार्यालयद्वारा तोकिएको स्थानहरु बाहेक अन्य स्थानबाट कर दस्तुर उठाउन पाइनेछैन ।

१८. ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफलद्वारा समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१९. यस सूचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

२०. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइनेछैन ।

२१. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।

२२. यस ठेक्कामा कवाडी, मवेशी हाट तथा दैनिक गुद्री तथा साप्ताहिक हाटको ठेक्का समावेश गरिएको छैन ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत